२०७६।८।१९

## कञ्चनरुप नगरपालिकामा करारमा नगर प्रहरी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि, २०७६

नेपालको संविधान (२०७२) को धारा २२६ अनुसूची ८ ले दिएको अधिकार तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (क) मा भएको व्यवस्था प्रयोग गरी मिति २०७६।८।१९ गते बसेको कञ्चनरुप नगर कार्यपालिका बैठकबाट कञ्चनरुप नगरपालिकामा करारमा नगर प्रहरी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि, २०७६ स्वीकृत गरी लागु गरिएको छ ।

**१. कार्यविधिको नाम " कञ्चनरुप नगरपालिकामा करारमा नगर प्रहरी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि, २०७६" रहेको छ ।**

**२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "नगर प्रहरी" भन्नाले कञ्चनरुप नगरपालिकाबाट यस कार्यविधि बमोजिम नियुक्त भएका नगर प्रहरीलाई सम्झनु पर्दछ ।

(ख) "प्रमुख" भन्नाले कञ्चनरुप नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(ग) "उप प्रमुख" भन्नाले कञ्चनरुप नगरपालिकाको उप प्रमुखलाई सम्झनु पर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कञ्चनरुप नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउने छ ।

(ङ) "कार्यालय" भन्नाले कञ्चनरुप नगरपालिका नगरकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(च) "समिति" भन्नाले कञ्चनरुप नगरपालिकामा करारमा नगर प्रहरी छनौट तथा सिफारिस समितिलाई जनाउने छ ।

**३. कञ्चनरुप नगरपालिकाबाट देहाय बमोजिमको नगर प्रहरी समुह गठन गरी देहायका पद सिर्जना गरी पदपूर्ति गरिनेछ ।**

(क) नगर प्रहरी ईन्चार्ज - सहायक स्तर पाँचौ तह

(ख) नगर प्रहरी हवल्दार - सहायक स्तर चौथो तह

(ग) नगर प्रहरी जवान - श्रेणी विहिन

**४. नगर प्रहरीको नियुक्ति एवं पद पूर्ति देहाय वमोजिम हुनेछ ।**

(१) कञ्चनरुप नगरपालिकाको नगरसभावाट नगर प्रहरीको स्वीकृत दरबन्दीमा नगर कार्यपालिकाको निर्णय अनुसार नगर प्रहरीको नियुक्त गरिने छ ।

(२) उपदफा (१) बमोजिम पदपूर्ति गर्न यस कार्यविधिको छनौट तथा सिफारिस समितिले उमेदवारको छनौट गरी नगर कार्यपालिका बैठक समक्ष सिफारिस गर्नेछ ।

(३) नगर प्रहरीको नियुक्त गर्दा छनौट तथा सिफारिस समितिको सिफारिसमा नगर कार्यपालिका बैठकले स्वीकृत गरेपछि प्रमुख प्रशासकीय अधिकृतले नियुक्त दिनेछ ।

(३) उपदफा (१) बमोजिमको नगर प्रहरीको पदपूर्ति हाललाई सेवा करारमा रहने गरी पदपूर्ति गरिनेछ ।

**५. नगर प्रहरी पद पूर्तिको लागि उम्मेदवारको आवश्यक योग्यता देहाय वमोजिम हुनेछ ।**

(१) नगर प्रहरी ईन्चार्ज, स्तर पाँचौ तहको लागि मान्यता प्राप्त शिक्षण संस्थावाट कुनै विषयमा प्रमाण-पत्र तह उतीर्ण गरेको ।

(२) नगर प्रहरी हवल्दार,सहायक स्तर चौथो तहको लागि एस.एल.सी. वा सो सरह उर्तीण गरेको ।

(३) नगर प्रहरी जवान, श्रेणी विहिनको लागि दश कक्षा उर्तीण गरेको ।

(४) पुरुष उम्मेदवारको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिला उम्मेदवारको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

(५) फौजदारी अभियोगमा सजाय नपाएको ।

(६) नेपाली नागरिक ।

२. उपदफा (१) बमोजिम नगर प्रहरी नियुक्त गर्न नेपाल प्रहरी एवं नेपाली सेनाबाट निवृत भएका व्यक्तिहरुलाई पहिलो प्राथमिकता दिईने छ ।

**६. कञ्चनरुप नगरपालिकामा करारमा नगर प्रहरी छनौट तथा सिफारिस समितिको गठन देहाय वमोजिम हुनेछ ।**

(क) प्रमुख प्रशासकीय अधिकृत -संयोजक/अध्यक्ष

(ख) जनपद प्रहरी वा सशस्त्र प्रहरी वा नेपाली सेनाको वहालवाल अधिकृत स्तरको प्रतिनिधि - सदस्य

(ग) नगर प्रमुख र नगर उपप्रमुखले तोकेको १/१ जना कम्तिमा अधिकृत स्तरको वहालवला वा सेबा निवृत कर्मचारी २(दुई) जना - सदस्य

(घ) नगरपालिकको विषयगत वा प्रशासन शाखा/उपशाखाको प्रमुख - सदस्य

**७. नगर प्रहरीको रिक्त दरवन्दीमा छनौट तथा पूर्तिको लागि देहाय वमोजिमको कूल अंकभार ३५ (पैतिस) हुनेछ ।**

(१) प्रारम्भिक छनौट वापत १०(दश) अंकभार कायम गरी नजिकको प्रहरी कार्यालय मार्फत जनपद प्रहरी जवानको लागि लागू हुने सामान्य शर्त वमोजिमको उम्मेदवारको शारीरिक तन्तुरुस्ती जाँच गरी तन्दुरुस्त उम्मेदवारलाई नगरपालिकामा नगर प्रहरी छनौट तथा सिफारिस समितिमा सिफारिस गरिनेछ ।

(२) उपदफा (१) वमोजिम प्रहरी कार्यालयबाट प्रारम्भिक छनौट गरी सिफारिस गरिएका उम्मेदवारहरुको अन्तरवार्ताको लागि २५ अंकभार कायम गरिनेछ ।

(३) उपदफा (१) र उपदफा (२) वमोजिम अंक प्रदान गर्दा ४० प्रतिशत भन्दा घटी र ७० प्रतिशत भन्दा वढी अंक प्रदान गरेमा सो को कारण जनाउनु पर्नेछ ।

(४) उपदफा(२)वमोजिम कायम गरिएको अन्तरवार्ताको अंकभारको आधारमा छनौट तथा सिफारिस समितिबाट आवश्यक्ता अनुरुपको कार्यविधि स्वयं समितिवाट तय गरी उम्मेदवारहरुको अन्तरवार्ता लिइनेछ ।

(५) उपदफा (१) र (३) वमोजिम उच्चतम अंक प्राप्त गर्ने सफल उम्मेदवारलाई नियुक्ति एवं सेवा करार सम्झौताको लागि नगर कार्यपालिका वैठक समक्ष नगर प्रहरी छनौट तथा सिफारिस समितिले सिफारिस गर्नेछ ।

(६) यस दफा वमोजिम नगर प्रहरीमा छनौट भएका सफल उम्मेदवारले मान्यता प्राप्त चिकिच्सकवाट जाँच गराई निरोगिताको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

(७) उपदफा (५) वमोजिम कुनै उम्मेदवारले निरोगिताको प्रमाणपत्र पेश गर्न नसकेमा नगर प्रहरी छनौट तथा सिफारिस समितिले क्रमश : वैकल्पिक उम्मेदवारलाई नियुक्तिको लागि नगर कार्यपालिका वैठक समक्ष सिफारिस गर्नेछ ।

(८) उपदफा (४) वमोजिम नगर कार्यपालिका वैठकको निर्णयानुसार प्रमुख प्रशासकीय अधिकृतले छनौट भएका नगर प्रहरीसँग सेवा करार सम्झौता गरी नियुक्ति दिइनेछ ।

**८. (१) नगर प्रहरी छनौट तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-**

(क) खुल्ला प्रतियोगिताद्वारा पूर्ति गर्ने

(ख) पदपूर्ति कार्यतालिका बनाउने

(ग) परिक्षाको किसिम तोक्ने

(घ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने

(ङ) परिक्षा संचालन तथा नतिजा प्रकाशन गर्ने

(च) नियुक्तिका लागि सिफारिस गर्ने

(२) छनौट समितिले नगर प्रहरी सेवामा खुल्ला प्रतियोगीताद्वारा पदपूर्ति गर्ने सम्बन्धमा आवश्यकता अनुसार कार्यवधि बनाई लागु गर्न सक्नेछ ।

**९. (१) छनौट तथा सिफारिस समितिले पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्दा राष्ट्रियस्तरका पत्र-पत्रिकामा कम्तीमा पन्ध्र दिन म्याद दिई देहायका विषय समेत खुलाई प्रतियोगीताका लागि विज्ञापन प्रकाशन गर्नु पर्नेछ ।**

(क) पदको नाम
(ख) आवश्यक संख्या (खुल्ला र समावेशी अलग अलग देखिने गरी
(ग) दरखास्त दिने म्याद र स्थान
(घ) दरखास्त दस्तुर
(ङ) परिक्षा दस्तुर
(च) आवश्यक न्यूनतम शैक्षिक योग्यता
(छ) पेश गर्नुपर्ने आवश्यक प्रमाण-पत्र तथा कागजाजहरु
(ज) सम्पर्क मिति  र स्थान
(झ) परिक्षा तालिका
(ञ) अन्य शर्तहरु

(२) उपदफा (१) बमोजिम प्रकाशित विज्ञापनमा उम्मेदवार हुन चाहने व्यक्तिले एक भन्दा बढि पदमा समावेशी कोटामा दरखास्त दिन पाउने छैन ।

(३) उपदफा (२) बमोजिम दरखास्त पेश गर्न चाहने व्यक्तिले  प्रत्येक थप खुल्ला तथा समावेशी समुहका पदका लागि लाग्ने परिक्षा दस्तुरको थप बिस प्रतिशत रकम दस्तुर बुझाउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम प्रकाशित विज्ञापनमा उम्मेदवार हुन चाहने व्यक्तिले खुल्ला प्रतियोगितात्मक परिक्षाद्वारा पुर्ति हुने पदका लागि निर्धारित दरखास्त फारम भरी परीक्षा दस्तुर सहित विज्ञापनमा तोकिएका स्थान र समयमा बुझाउनु पर्नेछ ।

(५) छनौट समितिबाट विज्ञापन प्रकाशन भएपछि दरबन्दी थप वा खाली भई पद रिक्त भएमा लिखित परिक्षाको नतिजा प्रकाशन हुनु भन्दा अगाडि सो छनौट समितिले सार्वजनिकरुपमा सूचना प्रकाशन गरि सोही विज्ञापनमा सो संख्या समेत थप गर्न सक्नेछ ।

(६) नगरपालिकाले स्थायी पदपुर्ति नगरी सेवा करार मार्फत नगर प्रहरी भर्ना गर्न यसका लागि सेक्युरीटी आफूर्ति गर्ने कम्पनी वा व्यक्तिसंग करार गरी नियम अनुसार भर्ना गर्न बाधा पर्ने छैन् ।

**१०. उम्मेदवारका दरखास्त फारम र प्रवेशपत्रको ढाँचा**

(१) उम्मेदवारको दरखास्त फारम र प्रवेशपत्रको ढाँचा क्रमश : अनुसूची-१,अनुसूची-२ बमोजिम हुनेछ ।

(२) उम्मेदवारले कारणवश प्रवेशपत्र हराएको भनी निवेदन पेश गरेमा पदपुर्ति समितिले तोकेको दस्तुर लिई प्रवेशपत्रको प्रतिलिति उपलब्ध गराई परीक्षामा सामेल हुन अनुमति दिन सकिनेछ ।

## ११. अन्तर्वार्ता समितिको गठन

पहिलो पटकको लागि सेवा करारमा नगर प्रहरीको छनौट तथा भर्ना गर्नको लागि दफा ६ बमोजिम गठन हुने नगर प्रहरी छनौट तथा सिफारिस समितिबाटै अन्तर्वार्ता समितिको कार्य गरिनेछ ।

## १२. अन्तिम नतिजा प्रकाशन

(१) छनौट तथा सिफारिस समितिले उम्मेदवारको छनौट सम्बन्धी सम्पूर्ण प्रक्रिया सम्पन्न भएपछि सबभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारहरुको योग्यताक्रम अनुसार अन्तिम नतिजा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम नतिजा प्रकाशन गर्दा उम्मेदवार उपलब्ध भएसम्म रिक्त पदको शत प्रतिशत योग्यताक्रम अनुसार वैकल्पिक उम्मेदवारको सूची समेत प्रकाशन गर्नु पर्नेछ ।

## १३. नगर प्रहरीको स्वीकृति र काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(१) दफा १२ को उपदफा (१) र (२) बमोजिम छनौट समितिबाट सूची प्रकाशन भई सिफारिस भएका नगर प्रहरीलाई नगर कार्यपालिका वैठकले स्वीकृत गर्नु पर्नेछ ।

(२) स्थानीय सरकार सञ्चालन ऐन २०७४ को आधारमा नगर प्रहरीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) नगरपालिकाको नीति, कानुन, मापदण्ड तथा निर्णय कार्यान्वयनमा सहयोग गर्ने ।

(ख) नगरपालिकाको सम्पत्तिको सुरक्षा तथा संरक्षण गर्ने ।

(ग) स्थानीय स्तरमा हुने सभा, समारोह, परम्परा ,जात्रा, मेला, महोत्सव तथा चाडपर्वको वेलामा सुरक्षाको व्यवस्थापन गर्ने ।

(घ) स्थानीय बजार तथा बजार क्षेत्रको पार्किङ स्थलको रेखदेख र व्यवस्थापन गर्ने ।

(ङ) नगर सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन गर्न सहयोग गर्ने ।

(च) न्यायीक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयनमा सहयोग गर्ने ।

(छ) सार्वजनिक, ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षाको काम गर्ने ।

(ज) विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनर्स्थापनामा मद्दत गर्ने ।

(झ) अनाधिकृत होडिङ बोर्ड तथा विज्ञापनको नियन्त्रण गर्ने ।

(ञ) वातावरण दुषित पार्ने गरी माईक, डिजे ठूलो आवाजमा बजाउनेलाई कारवाही गर्ने ।

(ट) छाडा पशु चौपायको नियन्त्रण गर्ने ।

(ठ) अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्तिमाथिको अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने ।

(ड) सडक पेटी फोहोर गर्ने , अतिक्रमण गरी व्यापार गर्ने माथि नियन्त्रण गर्ने ।

(ढ) नगरकार्यपालिका कार्यालयको सुरक्षाको व्यवस्थापन गर्ने ।

(ण) नगर कार्यपालिकाले तोकेको अन्य काम गर्ने ।

## १४. नगर प्रहरीको सेवा सुविधा सम्बन्धी व्यवस्था देहाय बामोजिम हुनेछ ।

(१) नगर प्रहरीको सेवा सुविधा नगरपालिकामा कार्यरता अन्य समान तहका कर्मचारी सरहको मासिक पारिश्रमिक सुविधा उपलब्ध हने तथा अन्य थप सेवा र सुविधाको हकमा नगर कार्यपालिका वैठकको निर्णयानुसार हुनेछ ।

१५. यो कार्यविधि स्वीकृत हुनु भन्दा अघिनै कर्मचारी करारमा राख्ने सम्बन्धमा कार्यालयवाट दरखास्त आव्हान भएको हकमा सो कार्य यसै कार्यविधि वमोजिम भएको मानि बाँकी काम कारवाही अघि वढाउन यो कार्यविधिमा लेखिएको कुनै कुराले वाधा पुऱ्याएको मानिने छैन ।

**१६. यस कार्यविधि कार्यान्वयनको क्रममा थप व्यवस्था गर्नु परेमा यस कार्यविधि तथा प्रचलित कानूनसँग नबाझिने गरी नगरपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।**

अनुसूची १

दफा १० उपदफा (१) संग सम्बन्धित

उम्मेदवारका दरखास्त फारम

पासपोर्ट साइजको पुरै मुखाकृति देखिने तस्वीर यहाँ टास्ने र तस्वीर र फारममा पर्ने गरी उमेदवारले सही गर्ने

श्रीमान ...............................................................................................
...............................................................................................

त्यस कार्यालयका मिति ...........................................................................।
.......................................................का प्रकाशित विज्ञापन अनुसार
म ........................................................................................पदमा सेवा गर्ने अभिलाषा दिई निवेदन गर्न आएको छु।
नाम, थर ..........................................................................................
जन्म मिति ...........................................
जन्म स्थान ..........................................................................................
शैक्षिक योग्यता १...........................................................
२...........................................................
३...........................................................

राजनीतिक दलको सदस्य रहे/नरहेको

पेशा :

बाजेको नाम :

बाबुको नाम :

नागरिकता :

माथि लेखिएका विवरण ठिक साँचो छ। जानी जानी झुठ्ठा कुरा लेखि दिएको ठहरे नियम बमोजीम सहुँला बुझउँला।

| औंठाका छाप | |
|---|---|
| दायाँ | बायाँ |

.............................................

निवेदकको सही

मिति :-

द्रष्टव्य : माथि लेखिएका देखि बाहेक अन्य कुरा खुल्लाउन परेमा छुट्टै पानामा लेखि आवेदन साथ राख्नु होला।

पासपोट साइजका हालसाल खिचिएका २ प्रति फोटो यसैसाथ समावेश गर्नु होला।
विभागिय उम्मेदवारहरुका प्रयोजनाका लागि मात्र : १ हालका दर्जा :
२. दरबन्दी :

द्रष्टव्य :- दरखास्तसाथ विज्ञापनमा उल्लेख भएका अभिरिक्त देहायका कागजाजहरु समेत अनिवार्य रुपमा प्रमाणित गरि पेश गर्नु पर्ने छ।

(१) नेपाली नागरिकताको प्रतिलिपि,
(२) विज्ञापन भएका पदका लागि तोकिएका न्यूनतम शैक्षिक योग्यताका प्रमाण पत्र र चारित्रिक प्रमाण-पत्रका प्रतिलिपि,
(३) सम्बन्धित व्यवसायिक परिषदमा ना दर्ता हुनु पर्ने पदका लागि परिषदमा दर्ता भएका प्रमाणपत्रका प्रतिलिपि
(४) सम्बन्धीत पदका लागि अनुभव मागिएकोमा अनुभवको प्रमाण पत्रको प्रतिलिपि।

अनुसूची- २
दफा १० उपदफा (१) संग सम्बन्धित
**प्रवेशपत्रको ढाँचा**

पासपोर्ट साइजको पुरै मुखाकृति देखिने तस्वीर यहाँ टास्ने र तस्वीर र फारममा पर्ने गरी उमेदवारले सही गर्ने

(नगर प्रहरी ............................ पदका खुल्ला प्रतियोगितात्मक परीक्षाका लागि)

(क) विज्ञापन मिति :-
(ख) विज्ञापन नं. :-
(ग) दर्ता नं. :-
(घ) नाम, थर :-
(ङ) उमेर :-
(च) श्रेणी,तह :-
(छ) उम्मेदवारको दस्तखत नमुना :-

**भर्ना छनौट शाखाका सम्बन्धित कर्मचारीले भर्ने :-**

यस कार्यलयबाट लिईने उक्त परीक्षामा तपाईलाई निम्न केन्द्रबाट सम्मिलित हुन अनुमति दिएको छ। विज्ञापनमा तोकिएको शर्त नपुगेका ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्द हुनसक्ने छ।

परीक्षा केन्द्र :-

नैतिक पतन देखिने फौज्दारी अभियोगमा सजाय पाए/नपाएका
मैले यस भन्दा अगाडी नगर प्रहरी सेवामाजागिर गरेको
छ/छैन भनि मिति :- छोडको मिति :- दर्जा :- हटनुका कारण :-

ठेगाना : स्थायी ..................................................................
अस्थायी/करार ..................................................... सम्पर्क नं. ..............................
ईमेल ठेगाना ........................................................

.........................
**अधिकृतको दस्तखत**